WINGECARRIBEE मा बाढी (Floods)

# आपत्कालीन चेकलिष्ट

Wingecarribee SHIRE COUNCIL We're with you

आपत्कालीन अवस्थाहरू जुनसुकै बेला उत्पन्न हुन सक्छ, त्यसैले बाढी आउनु अघि, बाढीको समयमा र बाढी आए पछि वा स्थानीय आपत्कालीन अवस्थामा आफूलाई, आफ्नो परिवार, घरपालुवा जनावार र सम्पत्ति सुरक्षित राख्न यी सरल कदमहरू चाल्न आवश्यक छ।

## बाढी आउनु अघि

### चेतावनी र सतर्कताहरू पहिचान गर्नुहोस्

- समाचारलाई ध्यान दिनुहोस् र मौसमको सतर्कतालाई अनुगमन गर्नुहोस्। अपडेट र सल्लाहको लागि SES र काउन्सिलको सामाजिक सञ्जाल फलो गर्नुहोस्।

### तपाईंको सम्पत्ति र सरसामान तयार पार्नुहोस्

- विजुली जब पुन: आउँछ विद्युतिय झट्काबाट बच्न उपकरणहरु नजोडी राख्नुहोस्।
- सरसामानहरुलाई टेबल, बेडहरुमा राखेर वा उच्च ठाउँमा सारेर राख्नुहोस्।
- इभ्याकुएशन गर्नु परेमा बिजुली, पानी र ग्यास खोल्न र बन्द गर्न मिल्ने मुख्य ठाउँ कहाँ छ र कसरी बन्द गर्ने भनी सबैलाई थाहा भएको सुनिश्चित गर्नुहोस्।

### आफू निस्कन मिल्ने मार्गहरू जान्नुहोस्

- आफू निस्कन मिल्ने मार्गहरू जानी राख्नुहोस्, कहाँ जानु हुनेछ पहिचान गर्नुहोस् र आफ्नो घरपरिवारसङ्ग अभ्यास गर्नुहोस्।

### आपत्कालीन योजना बनाउनुहोस्

- यदि तपाईंले छिटै निकाल्नु (इभ्याकुएट) परेमा के गर्नु पर्छ भनी घरपरिवारका सबैजनाले बुझ्छन् भनी सुनिश्चित गर्नुहोस्।
- आफ्नो बीमा नीतीहरु र व्यक्तिगत कागजातहरु अद्यावधिक छन् भनी सुनिश्चित गर्नुहोस् र तिनीहरुको प्रतिलिपीहरु बनाई राख्नुहोस्।
- आपत्कालीन किट प्याक गर्नुहोस्।

## बाढी आएको समयमा

जानकारी र निर्देशनहरुको लागि आपत्कालीन सतर्कता र सुचनाहरुलाई ध्यान दिनुहोस्।

फोहोर पानीको बहावलाई फर्कनबाट रोक्नको लागि ट्वाइलेटहरू, घरायसी नालाहरू र सिङ्कहरूलाई प्लगहरूद्वारा बन्द गर्नुहोस्।

बाढीको पानीमा कहिल्यै पनि गाडि नचलाउनुहोस्, साइकल वा मोटरसाइकल नकुदाउनुहोस्, नहिंड्नुहोस्, नखेल्नुहोस् वा नपौडिनुहोस्। त्यसो गर्नु घातक हुनसक्छ।

यदि SES र/वा प्रहरीले भनेमा तुरुन्तै निस्कने व्यवस्था गर्नुहोस्। निस्कन मिल्ने मार्गहरू बारे पछिल्लो जानकारीको लागि स्थानीय अधिकारीहरुसङ्ग जाँच गर्नुहोस्।

**ज्यान जानसक्ने आपत्कालीन अवस्थामा, तिन शुन्य (000) नम्बरमा फोन गर्नुहोस्।**

## बाढी पछि

फर्कनलाई सुरक्षित छ भनी अधिकारीहरुले नभनेसम्म घरमा नफर्कनुहोस्।

परिवार र साथिहरुलाई सम्पर्क गर्न टेक्स्ट मेसेज पठाउनुहोस् वा सामाजिक सञ्जाल प्रयोग गर्नुहोस्। प्रकोप पश्चात फोन प्रणालीहरु प्राय व्यस्त हुन्छन्।

बाढीको पानी, टुक्राटाक्रीहरु र क्षतिग्रस्त सडकहरु र पुलहरु जस्ता सडकमा हुने जोखिमहरु प्रति सचेत रहनुहोस्।

क्षति भएका सम्पत्तिहरुको फोटो खिचेर अभिलेख राख्नुहोस्। एक सूची तयार गरेर आफ्नो बीमा कम्पनीलाई सम्पर्क गर्नुहोस्।

बाढीले फोहोर पानीको बहावलाई तपाईंको घरभित्र फर्काउन सक्छ। व्यावसायिकरुपमा सफा गरी किटाणुरहित नपारेसम्म बालबालिकाहरु र जनावरलाई टाढै राख्नुहोस्।

# आपतकालिलन किट तयार पार्दै (PREPARING AN EMERGENCY

आपत्कालीन  स्थितिमा आपत्कालीन किटले समय बचत गर्नमा सहयोग गर्न सक्छ। यदि तपाईले विद्युत बन्द भएमा वा छोटो सुचनामा घर छोड्न आवश्यक परेमा आपत्कालीन किटले तपाईंलाई चाहिने वस्तुहरु प्रदान गर्छ।

## सुरु गर्नु पर्दा

- तपाईंलाई आवश्यक पर्ने चीजहरुको सूचि बनाउन तपाईंको घरपरिवारका सबैजनासङ्ग भेला हुनुहोस्।
- तपाईंको आपत्कालीन किटको लागि बलियो, सजिलैसङ्ग बोक्न मिल्ने पानीबाट सुरक्षित भण्डारण बाकस छान्नुहोस्।
- तपाईंको कार वा कार्यालयमा राख्न तपाईंले सानो झोला पनि तयार पार्न सक्नुहुन्छ।

## बिशेष आवश्यकता भएका पारिवारिक सदस्यहरु

वृद्धवृद्धा, अपाङ्गता भएका मानिसहरु, बच्चाबच्चिहरु वा घरपालुवा जनावारहरु जस्ता बिशेष आवश्यकता भएका तपाईंको परिवारका सबैजनाको लागि सामाग्रीहरु समावेश गर्न नबिर्सनुहोस्।

**बच्चाबच्चिहरु, शिशुहरु र साना बालबालिकाहरु**

- फर्मुला र बोतलहरु
- न्यापिज
- औषधीहरु।

**कुकुरहरु, बिरालोहरु र अन्य घरपालुवा जनावारहरु**

- परिचयपत्र र पट्टा (लिश)
- खाना र पानी
- केज/बास्केट।

**Elderly and people with a disability**

- औषधीहरु
- कन्ट्याक्ट लेन्सहरु र आपूर्तिहरु
- चश्माहरु।

## समावेश गर्नु पर्ने वस्तुहरु

- बोक्न मिल्ने ब्याट्रिहरुले चल्ने AM/FM रेडियो
- पानी नछिर्ने टर्च (हेड टर्चहरु राम्रो विकल्प हुन्छन्)
- अतिरिक्त ब्याट्रिहरु
- म्यानुअल सहितको प्राथमिक उपचार किट
- ऊनी कम्बलहरू
- आपत्कालीन सम्पर्क नम्बरहरु (आफैसङ्ग लैजान प्रतिलिपी बनाउनुहोस्)
- घर र चिकित्सा बीमा नीतिहरुको प्रतिलिपीहरु
- पिउने पानी।

## निस्कन अघि

- नगद, ATM कार्डहरु, क्रेडिट कार्डहरु
- औषधीहरु, टोइलेट्रिज र स्यानिटरी आपूर्तिका सरसामानहरु
- मोबाइल फोन र चार्जर
- सबैको लागि फेर्ने लुगाफाटाहरु
- ह्याण्ड स्यानिटाइजर र  N95  मास्क
- कारको फोन चार्जर र तारहरु
- विशेष आवश्यकता भएका पारिवारिक सदस्यहरुका लागि वस्तुहरु
- ल्यापटप/आइप्याड र चार्जर
- पासपोर्ट, परिचयपत्र खुल्ने कागजातहरु, बैंकको पछिल्लो स्टेटमेन्टहरु
- खेल्ने तासहरु वा मनपर्ने सानो /बोक्न मिल्ने खेल सामाग्री
- पारिवारिक सम्झनाको चिनोहरु, फोटोहरू, कागजातहरु।

बाढी र  आँधिहरु बारे थप थाहा पाउन QR कोड स्क्यान

www.wsc.nsw.gov.au/Residents/Emergency-Information/Floods-and-Storms

**डिस्क्लेमर**

NSW Health जस्ता उपयुक्त अधिकारीले तपाईंलाई दिएको कुनै औपचारिक सल्लाहलाई हटाउने यो जानकारीको उद्देश्य होइन।

अप्रिल 2024 सम्म प्रचलित


wsc.nsw.gov.au

Civic Centre,
68 Elizabeth Street,
Moss Vale, NSW 2577

mail@wsc.nsw.gov.au

02 4868 0888